# 'जीतबहादुर सर पनि सहयोगी बने'

■गमनसिंह खड्का

पुरन्धारा, १९ चैत। गत भाद्र २३ गते मेलमिलाप मञ्च गठन गर्दा एक पुरुषको स्वर अलि चर्को सुनियो। 'यस्ता संस्था कति आए, कति गए। यो हुने केही पनि होइन, यी आइमाइले केही गर्न सक्दैनन्, खाली यो सब नाटक मात्रै हो।'

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) दाङले पुरन्धारा गाविस भवन छेउ नजिकै भदौ २३ गते गाविसस्तरीय मेलमिलाप मञ्चको गठन प्रक्रियामै लागेका बेला स्थानीय विद्यालयका शिक्षक जीतबहादुर के.सी.ले उक्त कुरा मासमै सुनाए। एक दुई छेउबाट उनको कुराप्रति विरोध त आयो, तर त्यसले विवादको रुप लिएन। उनको असहमतिको मुख्य जड त के रहेछ भने इन्सेक जिल्ला परियोजना संयोजक पूर्णबहादुर बस्नेतले कार्यक्रममा गठन प्रक्रिया र मञ्चमा पदाधिकारी हुन योग्यता बताएपछि उनले त्यस्तो धारणा सार्वजनिक गरेका हुन्। संयोजक बस्नेतले भनेका थिए- मञ्च गठन गर्दा सकभर महिलालाई प्राथमिकता दिनुपर्ने र गाउँघरमा बचत समूहको नेतृत्व गरिरहेकी, द्वन्द्वपीडित परिवारकी आदि आदि।

शिक्षक के.सी.ले मञ्चको अध्यक्षता महिलाकै अगुवाइमा हुनुपर्छ भन्ने बुझेपछि उनले त्यस्तो धारणा व्यक्त गरे। यद्यपि संयोजक बस्नेतले सकभर मात्रै हो, पुरुष पनि अध्यक्ष हुन सक्नुहुन्छ भनेर सम्झाए पनि उनले यी संस्था भनेका कर्मै भेलजस्तै हुन्, दुई चार दिनको तडकभडक मात्रै हो भनेर एकातिर पन्छिए।

स्थानीय महिला निरा के.सी.को अध्यक्षतामा १५ सदस्यीय मेलमिलाप मञ्च गठन गरिसकेपछि नियमितरुपमा बैठक बस्ने क्रममा उनै शिक्षक जीतबहादुर के.सी. पनि मञ्चको मासिक कार्ययोजना बैठकमा देखिन थाले। हुँदाहुँदा स्थिति कहाँसम्म आयो भने चैत १२ गतेको मासिक कार्ययोजना बैठकमा उनी स्वयं उपस्थित भएर आगामी बैशाख २ गते गर्ने शुभकामना कार्यक्रमको योजना बनाउन कस्सिए। उनी एकाएक उक्त बैठकमा समावेश भएका होइनन्, बिस्तारै बैठकहरुमा आउने क्रमसँगै उनको यो सहयोगी भावना उक्त बैठकमा पोखिएको हो।



वास्तवमा भएको के रहेछ भने, पुरन्धारा मेलमिलाप मञ्चकी अध्यक्ष बनेकी निरा के.सी. अरु कोही नभएर उनै शिक्षककी श्रीमती हुन्। युद्धोत्तर शान्ति निर्माण विषयक तीन दिने तालिमको अवसरमा प्राप्त गरेका मानवअधिकारसम्बन्धी पुस्तकहरु के.सी.ले घर लगेर गएपछि ती पाठ्य सामग्री शिक्षक जीतबहादुर के.सी.ले पनि हेर्न थाले। उनले पनि इन्सेकले हाल गर्न थालेको कार्यक्रम र मानवअधिकार अभियानको बारेमा बुझ्दै गएपछि उनमा यो परिवर्तन देखा पर्न थालेको हो। उनले घरमा श्रीमतीलाई तिमीहरुको मञ्चले आजभोलि के गर्दैछ हँ? भनेर सोध्ने र नजानिदो ढंगले सुझाव, सल्लाह दिने गर्न थालेछन्। त्यसको प्रतिफल हो उनको हालको सहयोगी मन।

आजभोलि उनी भन्छन्- 'बचत गर्नेतिर पनि हामी अग्रसर हुनुपर्छ है, नत्र भोलि अभियानलाई अगाडि लैजान धौ होला।' शिक्षक जीतबहादुरको स्वर आजभोलि मधुरो र शालीन भएको छ। र, निरा के.सी.ले इन्सेकलाई धन्यवाद भन्नुहुन्छ, उहाँ अध्यक्ष भएकोमा मात्रै होइन, उहाँले आफ्नो श्रीमान्लाई आफू अध्यक्ष भएको मञ्चको सहयोगी पाएकोमा।